केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि. / नीति / परिपत्र / घ / १ / ०७६ / ७७

मिति: २०७६ / ०४ / २०

**"घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकवाट इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन, २०७५ को विभिन्न बुँदाहरुमा यसैसाथ संलग्न तालिका बमोजिम संशोधन / परिमार्जन / नयाँ व्यवस्था थप गरिएको हुँदा सोही बमोजिम गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

भवदीय,

(देवकुमार ढकाल)
कार्यकारी निर्देशक

**बोधार्थ :**

१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२. श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, सिंहदरबार, काठमाडौं ।
४. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।

यस बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थालाई जारी गरिएको निर्देशन, २०७५ मा संशोधन/परिमार्जन/नयाँ व्यवस्था थप

| क्र.स. | निर्देशन २०७५ मा भएको विद्यमान व्यवस्था | निर्देशन २०७५ मा गर्ने संशोधन/परिमार्जन/नयाँ थप व्यवस्था |
|---|---|---|
| १. | **बुँदा नं. १४ को उपबुँदा नं. १४.१ को खण्ड (क)**<br>(क) लघुवित्त वित्तीय संस्थाले शाखा कार्यालय खोल्न यस बैंकको पूर्व स्वीकृति लिनुपर्नेछ । तर, काठमाडौं उपत्यका, महानगरपालिका र उप महानगरपालिका बाहेकका स्थानमा शाखा कार्यालय खोल्न यस बैंकको स्वीकृति लिनु पर्ने छैन । साथै, शाखा कार्यालय खोल्दा कारोबार शुरु गरेकै दिन उक्त शाखा सम्बन्धी विवरण यस बैंकको वेबपोर्टल (reporting.nrb.org.np) मा अद्यावधिक गर्नु पर्नेछ । | **बुँदा नं. १४ को उपबुँदा नं. १४.१ को खण्ड (क) मा संशोधन**<br>(क) लघुवित्त वित्तीय संस्थाले शाखा कार्यालय खोल्न यस बैंकको पूर्व स्वीकृति लिनुपर्नेछ । तर, काठमाडौं उपत्यका, महानगरपालिका, उप महानगरपालिका र **जिल्ला सदरमुकाम रहेका नगरपालिका तथा गाँउपालिका** बाहेकका स्थानमा शाखा कार्यालय खोल्न यस बैंकको स्वीकृति लिनु पर्ने छैन । साथै, शाखा कार्यालय खोल्दा कारोबार शुरु गरेकै दिन उक्त शाखा सम्बन्धी विवरण यस बैंकको वेबपोर्टल (reporting.nrb.org.np) मा अद्यावधिक गर्नु पर्नेछ । |
| २. | **बुँदा नं. १४ को उपबुँदा नं. १४.१ मा खण्ड (घ) थप**<br>हाल नभएको | **बुँदा नं. १४ को उपबुँदा नं. १४.१ मा खण्ड (घ) थप गरिएको छ ।**<br>(घ) बुँदा नं. १४.४ मा उल्लिखित अवस्थामा बाहेक लघुवित्त वित्तीय संस्थाहरुलाई महानगरपालिकामा शाखा खोल्न स्वीकृति प्रदान गरिने छैन । साथै, जिल्ला सदरमुकाम बाहेकका नगरपालिका तथा गाउँपालिका क्षेत्रमा एक शाखा स्थापना गरेपश्चात् मात्र उपमहानगरपालिका वा जिल्ला सदरमुकाम भएका नगरपालिका र गाँउपालिकामा एक शाखा स्थापना गर्न स्वीकृति प्रदान गर्न सकिने छ । |
| ३. | **बुँदा नं. १७ मा उपबुँदा नं. १७.३ थप**<br>हाल नभएको | **बुँदा नं. १७ मा उपबुँदा नं. १७.३ थप गरिएको छ ।**<br>१७.३ **प्राथमिकताप्राप्त क्षेत्र कर्जा सम्बन्धी व्यवस्था**<br>**(१) न्यूनतम कर्जा प्रवाह :**<br>लघुवित्त वित्तीय संस्थाहरुले अनिवार्य रुपमा आफ्नो कुल कर्जाको एक तिहाइ कर्जा २०७७ असारमसान्तसम्ममा कृषि क्षेत्रमा प्रवाह गर्नुपर्ने छ ।<br>**(२) अनुगमन तथा हर्जाना :**<br>(क) यस व्यवस्था अनुसार कर्जा प्रवाह नगरेमा वा कम प्रवाह गरेमा न्यूनतम रुपमा पुऱ्याउनु पर्ने रकममा हुन आउने नपुग रकममा **२०७७ असारमसान्तदेखि** नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८१ बमोजिम सम्बन्धित लघुवित्त वित्तीय संस्थाले सो गणना अवधिमा कर्जामा लिने अधिकतम ब्याजदरले हुने रकम हर्जाना लगाइनेछ । |

| | | |
|---|---|---|
| | | यसरी हर्जाना लगाउँदा त्यस्तो नपुग रकमको त्रैमासिक रुपमा हुन आउने ब्याज रकम निर्धारण गरी सोही बराबरको रकम हर्जाना कायम गरिनेछ ।<br>(ख) कृषि क्षेत्रमा प्रवाह गरिने कर्जा गणना गर्दा ६ महिना अघिको कुल बाँकी कर्जा तथा सापटको आधारको रुपमा लिइने छ ।<br>(ग) कृषि क्षेत्रमा प्रवाह गरिने कर्जाको मासिक विवरण महिना समाप्त भएको १५ दिनभित्र ने.रा.बैंक निर्देशन फा.नं.घ १७.२ अनुरुपको ढाँचामा र त्रैमासिक विवरण त्रैमासिक अवधि समाप्त भएको एक महिनाभित्र ने.रा.बैंक निर्देशन फा.नं.घ १७.३ अनुरुपको ढाँचामा बैंक तथा वित्तीय संस्था नियमन विभाग र लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागमा पेश गर्नु पर्नेछ ।<br>***स्पष्टीकरण:***<br>*(१) 'कृषि क्षेत्र' भन्नाले (क) अन्न, तरकारी तथा अन्य नगदे वाली, (ख) चिया/कफी, सनपाट, फलफूल, अदुवा खेती तथा प्रशोधन (ग) पशु, पंक्षी तथा माहुरी पालन, (घ) प्राङ्गारिक मल तथा जैविक किटनाशक, (ङ) शीत भण्डारण, (च) सिँचाई, (छ) वन, (ज) पशु वा पन्छी वधशाला (झ) माछापालन, (ञ) पुष्प खेती (ट) विउ-विजन तथा आन्तरिक कृषि उपजको प्राथमिक रुपमा हुने प्रशोधन तथा (ठ) अन्य कृषि तथा कृषिजन्य सेवा सम्बन्धी क्षेत्रहरुलाई जनाउने छ ।* |
| ४. | **बुँदा नं. १८ को उपबुँदा नं. १८.४ मा खण्ड (घ) थप**<br>हाल नभएको | **बुँदा नं. १८ को उपबुँदा नं. १८.४ मा खण्ड (घ) थप गरिएको छ ।**<br>(घ) एक आपसमा गाभ्ने/गाभिने वा प्राप्ति हुने लघुवित्त वित्तीय संस्थाहरुलाई "बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा प्राप्ति (Acquisition) सम्बन्धी विनियमावली, २०७३" मा तोकिएका सुविधाहरुका अतिरिक्त देहाय बमोजिमका थप सहुलियत प्रदान गरिने छ :<br>(क) एकल ग्राहक कर्जा सीमा नाघेको ऋणीको कर्जालाई सीमा भित्र ल्याउन समय थप गर्ने,<br>(ख) तोकिएको पुँजी कोष अनुपात पुऱ्याउनु पर्ने समय थप गर्ने,<br>(ग) सञ्चालक समितिका सदस्य र प्रमुख कार्यकारी अधिकृत पदबाट हटेको कम्तीमा ६ महिना व्यतीत नभई यस बैंकबाट इजाजतपत्र |

| | | |
|---|---|---|
| | | प्राप्त अन्य संस्थामा संचालक वा अन्य कुनै पनि हैसियतमा काम गर्न नपाउने विद्यमान प्रावधान लागु नहुने,<br>(घ) समूहमा आवद्ध नभएका गाउँपालिका क्षेत्रमा वसोबास गर्ने व्यक्तिहरुलाई लघुउद्यम सञ्चालन गर्न स्वीकार योग्य धितो लिई प्रदान गरिने कर्जाको सीमा रु. १५ लाख कायम गरिएको छ ।<br>(ङ) आफ्ना कर्मचारीहरुको तलब, भत्ता तथा सुविधालाई निक्षेपको रुपमा स्वीकार गरी स्रोत परिचालन गर्न सक्ने । |